# मंगला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बाबियाचौर, म्याग्दी**

**गण्डकी प्रदेश, नेपाल**

# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी बोलपत्र आह्वानसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मितिः २०७९/०८/११ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ 'घ' (६) को व्यवस्थाअनुसार मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९/०७/१५ को निर्णय बमोजिम मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदीको बिभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report) ले औंल्याएको परिमाण भित्र रही घाटगद्दीपश्चात् "गण्डकी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९"ले तोकेको दरमा ठेक्का बन्दोबस्तको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीले तोकिएको अङ्कमा नघट्ने गरी तपसिल बमोजिमको शर्तहरूको अधिनमा रही बोलपत्रको Hard Copy पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | ढुङ्गा, गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन गर्ने बगर | जम्मा परिमाण (घ.मि.) | न्यूनतम ठेक्का रकम रु(मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|
| MRM/NCB/R/P4/079/080 | ढुङ्गा, गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी ठेक्का पाना बगरघाट(माथिल्लो खण्ड-क्षेत्र-१ र क्षेत्र-२) वडा नं. २ | २५१२५.०० | ८८७२८९३.७५ | कबोल अंकको ५% | ३०००/- |

शर्तहरूः

१. इच्छुक फर्म, कम्पनीले मितिः २०७९ पौष ११ गते कार्यालय समयसम्म मात्र मंगला गाउँ कार्यपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी मितिः २०७९ पौष १२ गते दिनको १२ बजेभित्र मंगला गाउँ कार्यपालिकाको कार्यालयमा बोलपत्र पेश गरिसक्नुपर्नेछ ।

२. बोलपत्र भर्दा कबोल रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम धरौटीवापत यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडको नाममा रहेको धरौटी खाता नः १५००११०३०९३०००६१ मा जम्मा गरी सोको धरौटी पेश गर्नुपर्नेछ ।

३. बोलपत्र फाराम यस कार्यालयमा नगदै रू. ३,०००।- (अक्षरेपीः तीन हजार) बुझाई वा यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडमा रहेको आन्तरिक राजस्व खाता नः १५००११०३०९००१०१ मा रू. ३,०००।- जम्मा भएको सक्कल भौचर पेश गरी लिनुपर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी फर्म दर्ता, नवीकरण, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र, बोलपत्रको दस्तुर र धरौटी रकमको भौचर समावेश गरी पेश गर्नुपर्नेछ ।

५. रितपूर्वक पर्न आएका बोलपत्रपत्रहरू बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मितिः २०७९ पुष १२ गते दिनको १ बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. घाटगद्दी स्थल तोकिएको बगरबाट मात्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

७. ठेक्कासम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. रित नपुगी पेश हुन आएका बोलपत्रहरू स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र स्वीकृत भएमा सोको सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अङ्कको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (पर्फमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै अग्रिम रूपमा एकमुष्ट कबोल अङ्क दाखिला गरेमा कबोल अङ्कको १०% ले हुन आउने रकम छुट दिइनेछ । ठेक्का कबोल गर्ने फर्मले आफूले कबोल गरेको अङ्क, सेवा शुल्कवापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% मूल्य अभिवृद्धि कर (VAT) रकम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनुपर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।

११. नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामग्रीहरूको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन, नेपाल सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ (प्रथम संशोधन २०७९); नेपाल सरकारबाट भएका निर्देशनहरू, मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदीको बिभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको दीगो उत्खनन्, सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्गको रूपमा रहनेछन् ।

१२. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुनअनुसार हुनेछ ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट www.https://mangalamun.gov.np समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**